**Wavne N. Walters. Ed.D. विद्यालयहरूका सुपरिवेक्षक**
341 S. Bellefield Avenue
Pittsburgh, PA 15213
superintendentwalters@pghschools.org
412-529-3600
www.pghschools.org
अभिभावकको हटलाइन नम्बर: 412-529-HELP (4357)

डिसेम्बर 21, 2022

आदरणीय आमाबुवा/अभिभावक/शिक्षाका निर्णयकर्ताहरू:

यस समयमा हामीले नेभिगेसन र रिकभरीका साथ आफ्नो उत्कृष्ट प्रयास जारी राख्दा सबैजना ठीक छन् भनी म आशा गर्दछु। साथै, म तपाईंलाई प्रमुख सरोकारवालाको रूपमा पिट्सबर्ग पब्लिक स्कूल्स (Pittsburgh Public Schools) प्रति तपाईंको निरन्तर प्रतिबद्धताका लागि धन्यवाद दिन्छु।

पिट्सबर्ग पब्लिक स्कूल्सले महामारीको कारण अध्ययनमा हुने अवरोध र सबै विद्यार्थीहरू र हाम्रो राष्ट्रका बाँकी भागहरूमा परेको प्रभावलाई पहिचान गर्दछ। अध्ययन अवरोधको परिणाम स्वरूप, असक्षमता भएका विद्यार्थीहरूले (IEP हरू र 504 योजनाहरू) 16 मार्च, 2020 देखि जुन 16, 2022 (महामारीको समय) सम्म आफूले पाउनुपर्ने मूल्याङ्कन वा सेवाहरू प्राप्त नगरेमा उनीहरूलाई कोभिड क्षतिपूरक सेवाहरू दिन सकिन्छ।

IEP वा 504 योजना भएको बच्चाको आमाबुवा/अभिभावक/शैक्षिक निर्णयकर्ताको रूपमा, म तपाईंलाई व्यक्तिगत रूपमा पिट्सबर्ग पब्लिक स्कूल्ससँग हाम्रा असक्षमता भएका विद्यार्थीहरूमा महामारीको प्रभावलाई सम्बोधन गर्न कोभिडको क्षतिपूरक सेवाहरूका लागि CCS 2.0 शीर्षकको नयाँ योजना छ भन्ने कुरा सूचित गर्दैछु।

डिस्ट्रिक्टले महामारीको अवधिबाट कुनै पनि अध्ययनमा भएको हानी र पहिचान गरिएको क्षति सम्बोधन गर्न विद्यार्थीलाई उपलब्ध गराइने कोभिड क्षतिपूरक सेवाहरूको प्रकार र रकम निर्धारण गर्नका लागि सबै योग्य विद्यार्थीहरूका लागि IEP र 504 बैठकहरू आयोजित गर्ने छ।

यो योजनाको पहिलो चरण भनेको तपाईंको बच्चाको IEP वा 504 योजना टोलीले महामारीको अवधिमा भर्चुअल निर्देशन, हाइब्रिड निर्देशन र/वा व्यक्तिगत रूपमा अध्ययनमा फर्किने क्रममा निरन्तर कोभिडसम्बन्धी अवरोधहरू भएको अवधिमा उपलब्ध नगराइएका वा प्राप्त नगरिएका सेवाहरूका लागि तपाईंको बच्चालाई कोभिड क्षतिपूरक सेवाहरू दिइएको छ वा छैन र कुन हदसम्म दिइएको छ भनेर निर्धारण गर्नका लागि बैठक बस्नु हो।

महामारीको समयावधिमा तपाईंको बच्चाको अध्ययनका बारेमा सोच्न र IEP/504 बैठकका लागि तयार रहनमा मद्दत गर्नका लागि जाँचसूची संलग्न गरिएको छ। 2023 मा जाँदा तपाईंले आफ्नो बच्चाको विद्यालयबाट अपडेट र अर्को चरणहरू प्राप्त गर्नुहुने छ। CCS 2.0 सम्बन्धी थप जानकारीका लागि, कृपया www.pghschools.org/CCS2.0मा जानुहोस्। हामी तपाईंलाई अतिरिक्त जानकारी उपलब्ध गराउनका लागि हाम्रो वेबपृष्ठमा जानकारीमूलक वेब सेमिनार र लिङ्कहरू सिर्जना गर्ने प्रक्रियामा छौँ।

हामी आगामी बिदाको मौसममा जाँदै गरेकाले म तपाईं र तपाईंको परिवारलाई शुभकामना दिन चाहन्छु।

तपाईंकै शिक्षाका लागि,

Wayne N. Walters

पिट्सबर्ग पब्लिक स्कूल्स (PPS) ले आफ्ना कार्यक्रम, क्रियाकलापहरू वा रोजगारमा जाति, रङ, राष्ट्रिय मूल, लिङ्ग, असक्षमता वा उमेरको आधारमा भेदभाव गर्दैन, र ब्वाइ स्काउट्स र अन्य निर्दिष्ट युवा समूहहरूमा समान पहुँच उपलब्ध गराउँछ। सोधपूछहरू गर्नु परेमा शीर्षक IX समन्वयक वा खण्ड 504/ADA शीर्षक II समन्वयकलाई 341 S. Bellefield Avenue, Pittsburgh, PA 15213 वस 412.529.HELP (4357) मा सम्पर्क गर्न सकिन्छ।

Wayne N. Walters, Ed.D.
विद्यालयहरूका सुपरिवेक्षक